आज मिति २०८१ साल जेठ १ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपशिल बमोजिम का पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

तपशिल

श्री प्रकाश भण्डारी नगर प्रमुख शारदा नगरपालिका सल्यान
श्री सुस्मिता खड्का ओली (?) नगर उप प्रमुख ,, — ,, -
श्री प्रदिप पाण्डेय वडाध्यक्ष वडा नं. १ ,, — ,, -
श्री सविता हमाल ,, — ,, — २ ,, — ,, -
श्री तुलसा भण्डारी ,, — ,, ३ ,, — ,, -
श्री किशोर कुमार हमाल ,, — ,, ४ ,, — ,, -
श्री प्रदिप शाही ,, — ,, ५ ,, — ,, -
श्री गितराज बुढाथोकी ,, — ,, ६ ,, — ,, -
श्री लिला बहादुर रोका ,, — ,, ७ ,, — ,, -
श्री लक्ष्मण बुढाथोकी ,, — ,, ८ ,, — ,, -
श्री हरिन्द्र कुमार बुढाथोकी ,, — ,, ९ ,, — ,, -
श्री कृष्ण बहादुर बोहरा ,, — ,, १० ,, — ,, -
श्री राजेश कुमार शर्मा ,, — ,, ११ ,, — ,, -
श्री सुरेन्द्र बुढा ,, — ,, १२ ,, — ,, -
श्री जंग बहादुर बुढा ,, — ,, १३ ,, — ,, -
श्री प्रकाश पुन ,, — ,, १४ ,, — ,, -
श्री तोयनाथ बुढाथोकी ,, — ,, १५ ,, — ,, -
श्री रत्नकुमारी थापा नगर कार्यपालिका सदस्य
श्री मन्जु पोखरेल ,, — ,, — ,, -
श्री भगवती बोहरा ,, — ,, — ,, -
श्री इन्द्रा कुमारी डाङ्गी ,, — ,, — ,, -
श्री पुष्पा नेपाली ,, — ,, — ,, -
श्री गोमा पोखरेल ,, — ,, — ,, -
श्री प्रभात कुमार राई ,, — ,, — ,, -
श्री दिपक विश्वकर्मा ,, — ,, — ,, -
श्री ओम प्रकाश देवकोटा सदस्य सचिव ,, -

**कार्यपालिका बैठक संख्या नं. ३१ स्थानः नगरपालिका मिति २०८१/०२/०१ गते**

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा आवेदन गर्ने सम्बन्धमा।
५. कर्मचारी भर्ना सम्बन्धमा।
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा।
७. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
८. महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समिति गठन सम्बन्धमा।
९. मानवाधिकार कार्ययोजना कार्यान्वयन समिति गठन सम्बन्धमा।
१०.विविध सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

तपसीलमा उल्लेखित नियमावली तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) शारदा नगरकार्यपालिका (कार्य विभाजन) नियमावली, २०८१
(२) शारदा नगरकार्यपालिका (कार्य सम्पादन) नियमावली, २०८१
(३) कानून, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी (कार्यविधि) नियमावली, २०८१
(४) राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८१
(५) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८१
(६) नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०८१
(७) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०८१
(८) राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि, २०८१
(९) अनुगमन तथा सुपरीवेक्षण कार्यसञ्चालन कार्यविधि, २०८१
(१०) बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८१
(११) आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
(१२) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१
(१३) फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१
(१४) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८१
(१५) विपन्न नागरिक स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
(१६) करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१
(१७) संस्थागत विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०८१
(१८) खेलकुद शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
(१९) दीगो विकासका लक्ष्यहरुको स्थानीकरण नीति, २०८१
(२०) जनप्रतिनिधिहरुको आचारसंहिता, २०८१
(२१) कर्मचारीहरुको आचारसंहिता, २०८१

**निर्णय नं. ३**

शारदा नगरपालिकाको नीति निर्माण, विकास योजना व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, भरपर्दो, विश्वसनीय, प्रभावकारी र गुणस्तरीय बनाई यसबाट श्रृजित तथ्यांकलाई उपयोगी र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

(१) डिजिटल नागरिक वडापत्र निर्माण
(२) नगरपालिका पाश्वचित्र तथा डिजिटल प्रोफाइल निर्माण

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(३) Location Information Board निर्माण

**निर्णय नं. ४**

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८१/०१/१७ को आशय पत्र आव्हानको सूचना सम्बन्धमा तपसील अनुसारको विवरण सहित आवेदन गर्ने निर्णय गरियो।

(१) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नविनतम् तथा सुधारिएका तरिका, साधन र विधि (Modality) अवलम्बन गर्न र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न र खर्चको लेखाजोखा SuTRA प्रणाली र लेखापरीक्षण मार्फत गर्न शारदा नगरपालिका ईच्छुक र प्रतिवद्ध रहेको।

(२) वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसंगको सह लगानीको हिस्सा विनियोजन गर्न शारदा नगरपालिका ईच्छुक प्रतिवद्ध रहेको।

(३) शारदा नगरपालिकाको आफ्नै पूर्वाधार आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि र मर्मतसम्भार कोष सञ्चालन कार्यविधि निर्माण भई कार्यान्वयनमा रहेको।

(४) शारदा नगरपालिकाको पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्न र सो को आधारमा पूर्वाधार मर्मतसम्भार योजना र बजेट तर्जुमा गर्न नगर कार्यपालिका ईच्छुक तथा प्रतिवद्ध रहेको।

(५) शारदा नगरपालिकाको आफ्नै खानेपानी तथा सरसफाई (WASH) योजना र सडक तथा यातायात गुरुयोजना (MTMP) रहेको।

**निर्णय नं. ५**

शारदा नगरपालिका स्वास्थ्य शाखा मातहत रहने गरी रिक्त रहेका तपसीलका पदहरुमा प्रचलित कानून बमोजिम करार विधिबाट पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

| सि. न. | पद | तह | सेवा/समूह | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय नर्स | पांचौ | स्वास्थ्य/ प. हे. न. | १ | |
| २ | अ. न. मी. | चौथो | स्वास्थ्य/ क. न. | ३ | |

**निर्णय नं. ६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समय समयमा स्थानीय तहहरुको काम कारवाहीका सन्दर्भमा दिइएका यस नगरपालिकालाई प्राप्त सुझावहरू बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

शारदा नगरपालिकाका उपप्रमुख श्री सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ बैशाख मसान्त सम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner